# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१२।१७ गते।

# प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी तिर्थराज थापामगरसमेत रहेको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **त्रिवेणी नगरपालिका, बाजुराका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत तिर्थराज थापामगर** समेतका प्रतिवादीहरू उपर जिल्ला बाजुरा त्रिवेणी नगरपालिका वडा नं. ५ स्थित किम्नी खोला ट्रस पुल निर्माण गर्दा निर्धारित गुणस्तर भन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी स्वीकृत दिने कार्य गरेको, वास्तविक भएको काम भन्दा नापी किताबमा बढी परिमाण भएको भनी प्रमाणित/स्वीकृत गरी झुट्टा नापी सम्बन्धी बिल बनाई भुक्तानी लिने/दिने कार्य गरी रु.४,३१,४८६।६४ बराबर रकम बढी भुक्तानी दिए लिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ख), (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.४,३१,४८६।६४ (चार लाख एकतीस हजार चार सय छयासी रुपैंया र पैसा चौसठ्ठी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुनका साथै सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।०३।११ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।१२।१७ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने